राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
ने.रा.बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## मानव संशाधन विभागको

### सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३।०७।२३)

यस बैंकमा रिक्त रहेको निम्न तह र पदमा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव पुगेका तथा कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ । बैंकले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफुले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र तथा ट्रान्सकृप्टहरु र अनुभवका प्रमाणपत्रको प्रतिलिपीमा स्वयम्ले प्रमाणित गरी हालसालै खिचिएको २ प्रति पासपोर्ट साईजको फोटो टाँसी यस बैंकको केन्द्रीय कार्यालय, सिंहदरवार प्लाजा काठमाण्डौमा पेश गर्नु पर्नेछ । दरखास्त फाराम यस बैंकको केन्द्रीय कार्यालय सिंहदरवार प्लाजावाट रु.१००।– (रु. एक सय) नगद तिरी प्राप्त गर्न सकिनेछ । नेपाल सरकारको सेवा र नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानमा कार्यरत उम्मेदवारहरुले दरखास्त साथ विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । परीक्षा दस्तुर तथा वेवसाइटबाट डाउनलोड गरिएको दरखास्त फाराम बापतको रकम फाराम बुझाउंदा नगदै बुझाउनु पर्नेछ ।

म्याद नाघी आएको, रित नपुगेको तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव नपुगेका र शर्त सहितको दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी अवकाश पाएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र मानसिक सन्तुलन ठिक नभएको उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१) बिज्ञापन नं. तह, पद, सेवा, समूह र आवश्यक पद संख्या :

| विज्ञापन नं. | तह | पद | सेवा | समूह | पद संख्या | खुला | समावेशी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला | आदिबासी / जनजाती | मधेशी |
| ३५।०७३।७४ | १० | मुख्य प्रबन्धक | प्रशासन | प्रशासन | १ | १ | ० | ० | ० |
| ३६।०७३।७४ | ९ | वरिष्ठ प्रबन्धक | प्रशासन | प्रशासन | २ | १ | १ | ० | ० |
| ३७।०७३।७४ | ८ | प्रबन्धक | प्रशासन | प्रशासन | ३ | २ | १ | ० | ० |
| ३८।०७३।७४ | ८ | प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | १ | १ | ० | ० | ० |
| ३९।०७३।७४ | ७ | उप–प्रबन्धक | प्रशासन | प्रशासन | ६ | ३ | १ | १ | १ |
| ४०।०७३।७४ | ७ | उप–प्रबन्धक (लेखा) | प्रशासन | लेखा | १ | १ | ० | ० | ० |

(२) सेवाको किसिम :– स्थायी ।

(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :– (क) मुख्य प्रबन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र वा व्यवस्थापन तर्फ प्रथम श्रेणीमा स्नातकोत्तर स्तर उपाधि वा कुनै प्राविधिक विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर स्तरको उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा १० वर्षको अनुभव भएको ।

(ख) वरिष्ठ प्रबन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र बिषयमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तिमा ८ वर्षको अनुभव भएको ।

(ग) प्रवन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र बिषयमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तिमा ६ वर्षको अनुभव भएको ।

(घ) प्रवन्धक (सूचना प्रविधि) पदका लागि : १. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर (Computer) वा कम्प्यूटर साइन्स (Computer Science) वा कम्यूनिकेशन (Communication) वा सूचना प्रविधि (Information Technology) विषयमा स्नातकोत्तर तहको योग्यता हासिल गरेको ।

२. Minimum 8 years working experience in Banking software which includes, a) At least 5 years working experience as a IT officer in commercial Bank

b) At least 3 years working experience as a Banking software developer in any IT Company. Which has been supplying It's Software for commercial Bank.

(ङ) उप–प्रवन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र बिषयमा प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तिमा ५ वर्षको अनुभव भएको ।

(च) उप–प्रवन्धक (लेखा) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेण्ट उपाधि हासिल गरेको ।

(४) दरखास्तको आधार :– समावेशी समूहको लागि छुट्याइएको पदमा दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ । खुला र समावेशी समूहका लागि छुटाछुट्टै दरखास्त फाराम नभरी एउटै दरखास्त फाराम भर्नु पर्नेछ ।

(क) आदिवासी / जनजातीका हकमा नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा, तर नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।



Central Office:Singha Durbar Plaza, G.P.O. Box 8368, Kathmandu, Phone: 4252595, Fax: 4252931, E-mail:central.office@rbb.com.np, web site:rbb.com.np, SWIFT:RBBA NPKA

(ख)मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(५) तलब तथा अन्य सुविधा :- बैंकको प्रचलित नियम अनुसार ।

(६) उम्मेदवारको उमेर :- दरखास्त दिने अन्तिम मिति (अर्थात २०७३।०८।२२ गते) सम्ममा (क) मुख्य प्रवन्धक तह १० का लागि ३५ बर्ष पूरा भई ४५ बर्ष ननाघेको । (ख) अन्य पदहरुका लागि २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको तर महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको ।

(७) उमेरको हद :- यस बैंकको बहालवाला स्थायी कर्मचारीहरुको हकमा तह ७, ८ र ९ का लागि उमेरको हद लाग्ने छैन ।

(८) उम्मेदवारको छनौट विधि :- लिखित, प्रस्तुतीकरण तथा अन्तर्वार्ता ।

(९) अन्य सेवा शर्त :- राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७० बमोजिम ।

(१०) परीक्षणकाल अवधि : महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

(११) पदस्थापन :- उपरोक्त बिज्ञापन अनुसार नियुक्त हुने कर्मचारीलाई यस बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय र शाखा कार्यालयहरुमा काम गर्ने गरी पदस्थापन गरिनेछ ।

(१२) परीक्षा दस्तुर :- (क) मुख्य प्रवन्धक, तह १० को खुलाका लागि रु. १,०००।–(एक हजार) ।
(ख) अन्य पदहरुको खुलाका लागि रु. ७००।–(सात सय) र प्रत्येक समावेशी समूहमा सहभागी हुन थप रु. २००।– (दुई सय) ।
(कुनै एक समावेशी समूहमा मात्र दरखास्त फाराम भरेमा रु. ७००।– (सात सय) तथा एक भन्दा बढी समावेशी समूहमा दरखास्त फाराम भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु. २००।–(दुई सय) ।)

(१३) दरखास्त बुझाउने मिति :- यो सूचना प्रकाशित मितिले ३० दिन (अर्थात मिति २०७३।०८।२२ गते) भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन भित्र (अर्थात मिति २०७३।०८।२९ गते सम्म) ।

(१४) दरखास्त बुझाउने स्थान :- यस बैंकको केन्द्रीय कार्यालय सिंहदरवार प्लाजा, काठमाण्डौ ।

(१५) परीक्षा हुने स्थान र मिति :- पछि सूचना प्रकाशित गरिनेछ ।

(१६) समकक्षता निर्धारण प्रमाणपत्र :- उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त भएको र समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(१७) दरखास्त फाराम र लिखित परीक्षाको पाठ्यक्रम राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Career Notice मा राखिनेछ । वेवसाइटबाट डाउनलोड गरिएको दरखास्त फाराम बुझाउँदा दरखास्त फारामको दस्तुर वापत थप रु. १००।– बुझाउनु पर्नेछ ।

(१८) उपरोक्त पदहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगबाट हुनेछ ।

(१९) आवेदन स्वीकृत, अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति



Central Office:Singha Durbar Plaza, G.P.O. Box 8368, Kathmandu, Phone: 4252595, Fax: 4252931, E-mail:central.office@rbb.com.np, web site:rbb.com.np, SWIFT:RBBA NPKA